# धरान उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय

## प्रदेश-१ धरान, सुनसरी

सोह्रौं नगर कार्यपालिका बैठकको निर्णयहरु

आज मितिः २०७५ आषाढ २२ गते विहान ८:०० बजे १६ औं नगर कार्यपालिकाको बैठक तपसिल बमोजिमको उपस्थितीमा का.बा. नगर प्रमुख एवं उपप्रमुख श्री मञ्जु भण्डारी सुवेदी ज्यूको अध्यक्षातामा बसी देहाय बमोजिमका बिषयहरुमा छलफल एवं निर्णय गरियो ।

सहभागिता

| क.सं. | नामथर | पद | वडा नं. | सहि |
|---|---|---|---|---|
| १ | श्री मञ्जु भण्डारी सुवेदी | का.बा.नगर प्रमुख | | उपस्थित |
| २ | श्री रोशन अधिकारी | वडाध्यक्ष | धरान १ | अनुपस्थित |
| ३ | श्री माधव गोविन्द श्रेष्ठ | वडाध्यक्ष | धरान २ | उपस्थित |
| ४ | श्री आशा कुमार श्रेष्ठ | वडाध्यक्ष | धरान ३ | उपस्थित |
| ५ | श्री मान बहादुर राई | वडाध्यक्ष | धरान ४ | उपस्थित |
| ६ | श्री सन्तोष लिम्बु | वडाध्यक्ष | धरान ५ | उपस्थित |
| ७ | श्री भुवनसिंह बस्नेत | वडाध्यक्ष | धरान ६ | उपस्थित |
| ८ | श्री जिवनराज सुवेदी | का.बा. वडाध्यक्ष | धरान ७ | उपस्थित |
| ९ | श्री रुद्र बहादुर लिम्बु | वडाध्यक्ष | धरान ८ | उपस्थित |
| १० | श्री रत्न बहादुर कटुवाल | वडाध्यक्ष | धरान ९ | उपस्थित |
| ११ | श्री श्रीप्रसाद सुब्बा | वडाध्यक्ष | धरान १० | उपस्थित |
| १२ | श्री बाबुलाल लामा | वडाध्यक्ष | धरान ११ | उपस्थित |
| १३ | श्री ब्रम्हज्ञ भटराई | का.बा.वडाध्यक्ष | धरान १२ | उपस्थित |
| १४ | श्री नेत्र प्रसाद काफ्ले | वडाध्यक्ष | धरान १३ | उपस्थित |
| १५ | श्री कृष्ण प्रसाद भटराई | वडाध्यक्ष | धरान १४ | अनुपस्थित |
| १६ | श्री नरेश कुमार इवारम | वडाध्यक्ष | धरान १५ | उपस्थित |
| १७ | श्री दिल कुमार गिरी | वडाध्यक्ष | धरान १६ | उपस्थित |
| १८ | श्री सूर्य बहादुर भटराइ (मनोज) | वडाध्यक्ष | धरान १७ | उपस्थित |
| १९ | श्री नरेन्द्र कुमार राई | वडाध्यक्ष | धरान १८ | उपस्थित |
| २० | श्री पुर्ण प्रसाद लिम्बु | वडाध्यक्ष | धरान १९ | उपस्थित |
| २१ | श्री मणिराम राई | वडाध्यक्ष | धरान २० | उपस्थित |
| २२ | श्री सुवास राई | कार्यपालिका सदस्य | | उपस्थित |
| २३ | श्री कैलास अग्रवाल | कार्यपालिका सदस्य | | उपस्थित |
| २४ | श्री किशोर परियार | कार्यपालिका सदस्य | | अनुपस्थित |
| २५ | श्री गिता पाख्रिन | कार्यपालिका सदस्य | | उपस्थित |
| २६ | श्री विनिता बज्राचार्य | कार्यपालिका सदस्य | | उपस्थित |
| २७ | श्री कल्पना थापा | कार्यपालिका सदस्य | | उपस्थित |
| २८ | श्री लिलामाया गुरुङ | कार्यपालिका सदस्य | | उपस्थित |
| २९ | श्री हिरादेवी राई | कार्यपालिका सदस्य | | उपस्थित |
| ३० | श्री सुमन घिमिरे | प्रमुख प्रशासकीय अधिकृत | | उपस्थित |

१) विभिन्न विकास आयोजना तथा कार्यक्रमहरुको वजेटको स्रोतान्तर गर्ने सम्बन्धमाः

यस उपमहानगरपालिकाको आर्थिक एन २०७४ अनुसार मालपोत रजिष्ट्रेशन शुल्कबाट प्राप्त हुने अनुमान गरिएको रकम रु. ३,७५,००,०००।- (तिन करोड पचहतर लाख) मध्ये रु ९८,८५,६४०।- मात्र प्राप्त भएको कारणले उक्त स्रोतबाट संचालन गर्ने गरी स्वीकृत कार्यक्रम तथा आयोजनाको भुक्तानी गर्न नसिकीएकाले ती आयोजना तथा कार्यक्रमहरुमा भुक्तानी गर्न अपुग हुने रकम वितिय समानिकरण स्रोतमा तत्काल खर्च नहुने रकमबाट स्रोतान्तर गरी भुक्तानी गर्ने निर्णय गरियो ।

२) स्वास्थ्य उपचार सहयोग सम्बन्धमाः

धरान उपमहानगरपालिकाका नगरप्रमुख श्री तारा सुब्बा ज्यू विगत केहि समय देखि अस्वस्थ्य भई काठमाण्डौं स्थित ग्राण्डी अस्पतालमा उपचाररत रहनु भएकाले उपचार सहयोगका लागि माग भएकोमा वहाँको उपचारको लागि अस्पतालको विलको अधारमा हाललाई ५,००,०००।- (पाँच लाख) सम्म सहयोग गर्ने निर्णय गरियो । साथै वहाँको शिघ्र स्वास्थ्य लाभको कामना गर्ने समेत निर्णय गरियो ।

३) बालमैत्री वडा घोषणा गर्ने सम्बन्धमाः

धरान उपमहानरपालिका, नगर कार्यपालिकाको विगतको निर्णय अनुसार चालु आ.ब.मा ७ वटा वडाहरुलाई बालमैत्री वडा घोषणा गर्ने निर्णय भए अनुरुप काम गर्दै जादाँ हाल सम्ममा वडा नं. १३ र १४ को सम्पुर्ण कामहरु सकिइ वडा तथा नगर तहको अनुगमन सकिएको र जिल्ला तहको अनुगमनका लागि २०७५।०३।२४ गतेको समय प्राप्त भएकाले सो अनुगमन पश्चात घोषणाको स्वीकृती प्राप्त भएमा नगर प्रमुखबाट उपयुक्त समय तोकी तोकिएकै समयमा बालमैत्री वडा घोषणा गर्ने निर्णय गरियो ।

४) पहिलो बालमैत्री घोषणा हुने वडालाई पुरस्कार दिने सम्बन्धमाः

पहिलो बालमैत्री घोषणा हुने वडाहरुलाइ पुरस्कार स्वरुप बालमैत्रीका पूर्वाधारहरुलाई आधुनिकिकरण गर्न थप रकम पुरस्कार दिने साथै प्रतिवडा कर वाहेक रु. २५,०००।-( पच्चिस हजार ) नगद पुरस्कार समेत दिने निर्णय गरियो ।

५) शिक्षा नियमावली २०७४ सम्बन्धमाः

धरान उपमहानगरपालिका, नगर कार्यपालिकाबाट पास गरी कार्यान्वयनमा रहेको (राजपत्रमा प्रकाशन गरी) शिक्षा नियमावली २०७४ विरुद्धमा उच्च अदालत, विराटनगरमा मुद्धा परि हाल अदालतवाट

जारी भएको आदेश सम्वन्धमा आजको बैठकमा जानकारी भयो । सो सम्बन्धमा कानुन सम्मत प्रतिउतर पेश गर्ने निर्णय गरियो । साथै उपयुक्त कानुनी प्रकृया समेत अवलम्वन गर्ने ।

६) राजमार्गको दाँयाबाँया वर्कसपहरु निषेध गर्ने सम्बन्धमा:

धरान उपमहानगरपालिका क्षेत्रको मुख्य राजमार्गको दायावायाँ टायर मर्मत, व्याट्रि मर्मत तथा विक्रि, मोटरसाइकल तथा टयाम्पु मर्मत वर्कसप, कवाडी पसल, गृल उधोगहरु संचालन गर्दा तिनीहरुबाट सडक तथा फुटपाथमा अवरोध पुर्याइ सडक दुर्घटना बढने गरेको साथै पैदल यात्रीहरुलाइ समेत अप्ठयारो परेकोले २०७५ श्रावण देखि त्यस्ता वर्कसप तथा उधोगहरुलाइ राजमार्ग भन्दा १० मिटर बाहिर देखि राख्न पाउने निर्णय गरियो ।

७) सहकारीको व्यवस्थापन गर्ने सम्बन्धमा:

नेपालको संविधानले स्थानीय तहलाई दिएको अधिकार अनुसार जिल्ला सहकारी कार्यालयले सहकारी सम्बन्धी सम्पुर्ण कागजातहरु हस्तान्तरण भै सकेकोले त्यसलाई उचित व्यवस्थापन गर्दै जाने निर्णय गरियो ।

आजको बैठक १०:१५ बजे समाप्त भयो ।